का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ पुस २०७९,
सोमबार
19 December 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०३ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com



**नयाँ सरकार गठनका लागि आह्वान**

कुनैपनि राजनीतिक दलको बहुमत नआएपछि राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार संविधानको धारा ७६ को उपधारा २ अनुसार पुस १० भित्र नयाँ सरकार गठन गर्न आह्वान गरेकी हुन् ।

# बाक्लियो भेटघाट रास्वपा संवादमा




नयाँ सरकार गठनका लागि आह्वान भएसँगै राजनीतिक दलहरुका शीर्ष नेताहरुको भेटघाट बाक्लिएको छ । २० सिट सहितको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि संवादमा छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ पुष ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सरकार गठनका लागि आह्वान गरेकी छन् । ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभाको चुनावबाट निर्वाचित भएका सांसदहरुले निर्वाचित भएको प्रमाणपत्र पाइसकेसँगै आइतबार राष्ट्रपति भण्डारीबाट संविधानको धारा ७६ (२) अनुसार सरकार गठन गर्न ७ दिनको समय दिएकी छन् । ताजा जनादेशको म्याण्डेट अनुसार मुलुकले अबको एक साता अर्थात् पुस १० गते आइतबार साँझ ५ बजेभित्र नयाँ सरकार पाउने छ । संविधानको धारा ७६ को उपधारा १ अनुसार कुनैपनि राजनीतिक दलको बहुमत नआएपछि राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार संविधानको धारा ७६ को उपधारा २ अनुसार पुस १० भित्र नयाँ सरकार गठन गर्न आह्वान गरेकी हुन् । संविधानको उक्त व्यवस्था अनुसार प्रतिनिधिसभामा दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रतिनिधिसभा सदस्यले प्रधानमन्त्री दावी गर्न सक्ने छ ।

संविधानको धारा ७६ मा सरकार गठन सम्बन्धी व्यवस्था छ । कुनै पनि दलले एकल बहुमत ल्याएको खण्डमा ७६(१) अनुसार सरकार गठन हुन्छ । ४ मंसिरमा सम्पन्न चुनावमा कुनै पनि दलले एकल बहुमत ल्याएको छैन् । यसकारण राष्ट्रपतिबाट दुई वा दुई भन्दा बढी दलको सरकार गठनका लागि आह्वान गरेकी हुन् ।

प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व छ । राष्ट्रिय दलका रुपमा कांग्रेस, एमाले, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टी छन् । थ्रेस होल्ड कटाउन नसकेका एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को पनि – बाँकी पृष्ठ २ मा



# विश्वकप फुटबलको उपाधि अर्जेन्टिनालाई

**काठमाडौं/मस-** अर्जेन्टिनाले कतारमा आयोजित फिफा विश्वकप फुटबलको उपाधि जितेको छ । सन् १९८६ पछि अर्जेन्टिनाले पहिलोपटक विश्वकपको उपाधि जितेको हो । फ्रान्सका किंग्सले कोमान र औरेलियन टुअमानीले पेनाल्टी मिस गरेपछि अर्जेन्टिना ४-२ गोलअन्तरले कतार विश्वकप फुटबलको उपाधि जितेको हो ।

अर्जेन्टिनाका लागि लियोनल मेस्सी, डिबाला, पेड्रेस र मोन्टरेलले गोल गरेका थिए । फ्रान्सका लागि एम्बाप्पे, कोलु मोनले मात्रै गोल गर्दा कोम्यान र टाउचमनको प्रहार विफल भएको थियो । अर्जेन्टिनाको यो तेस्रो विश्वकप उपाधि हो ।

निर्धारित समयमा र अतिरिक्त समयमा गरी ३-३ गोलको बराबरी भएपछि खेलको नतिजा पेनाल्टी सूटआउटबाट निकालिएको थियो । निर्धारित ९० मिनेटको खेल दुई दुई गोलको बराबरी भएपछि खेल अतिरिक्त समयमा पुगेको थियो । १०८ औं मिनेटमा मेस्सीले गोल गर्दा व्यक्तिगत दोस्रो गोल भएको थियो । पहिलो हाफमा २ गोल गरेको अर्जेन्टिनाले अन्तिम १० मिनेट सम्हालिन नसक्दा २ गोल खान पुग्यो ।

# हर्क साम्पाङले मागे माफी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ पुष ।

स्थानीय निर्वाचनबाट निर्वाचित हुने जनप्रतिनिधिमध्येकै फरक शैलीका जनप्रतिनिधिका रुपमा चर्चित छन्- धरानका मेयर हर्क साम्पाङ । सामान्य जीवनशैलीका उनी निर्वाचित भएपछि पनि बाटो खन्न, ढुंगा बोक्न र सरसफाई गर्न आफैँ सक्रिय भएपछि उनको कार्यशैलीको प्रशंसा पनि हुँदै आएको छ । आफैँ काममा खटेर उपमहानगरपालिकाको विकासमा लागेका मेयर साम्पाङ बोलीकै कारण आलोचनामा आउन थालेका छन् । केही समयअघि काठमाडौंको फोहोरको विषयमा फेसबुकमा स्टाटस लेखेर मेयर बालेन शाहको आलोचना गरेपछि उनको आलोचना भएको थियो । उनको प्रतिकार गर्दै मेयर बालेनले पनि स्टाटस लेखेपछि विवाद सतहमै आएको थियो ।



धरानको समग्र विकासको अपेक्षा सहित स्वतन्त्र उम्मेद्वारबाटै विजयी भएका साम्पाङले फेरि पनि अभिव्यक्ति नसुधारे आगामी दिन उनका लागि झनै असहज बन्ने देखिन्छ ।

केही दिनअघि उनले जातीय सद्भाव खलबलिने गरी सामाजिक संजालमा 'चमारे बुद्धि' भन्ने शब्द प्रयोग गरी स्टाटस लेखेपछि पुन विवादमा आएका हुन् । उनले दलित समुदायलाई अपमान हुनेखालको अभिव्यक्ति दिएको भन्दै राष्ट्रिय दलित आयोगले कानुनी कारबाही गर्न सरकारलाई सिफारिस समेत गरेको छ ।

विवादमा आएपछि उनले माफी – बाँकी पृष्ठ २ मा

**वाम सरकार**

# अविश्वास बाधक !

नेपाली कांग्रेससँग सत्ताको बाडफाँडमा सहमति जुट्न नसक्दा नेकपा माओवादी केन्द्रका नेताहरु नेकपा एमालेसँग लगातार सम्वादमा छन् । एमाले पनि माओवादी केन्द्रसहित सरकार बनाउने चाहनामा देखिन्छ । तर बिगतको अविश्वास यो गठबन्धन निर्माणमा बाधक बनेको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ पुस ।

सरकार निर्माणको गृहकार्य चर्को भइरहँदा नेपाली कांग्रेसका नेताहरु संसदीय दलको चुनावतिर केन्द्रीत भएका छन् । समानुपातिकतर्फका सांसदहरुले आइतबार प्रमाणपत्र बुझेकाले अब कांग्रेसमा दलको नेताको चुनाव हुनेछ । त्यसको तयारीमा सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, महामन्त्री गगन थापा, केन्द्रीय सदस्य डा.शेखर कोइराला जुटेका छन् ।

सभापति देउवा फेरिपनि दलको नेता निर्वाचित हुँदै छैटौंपटक प्रधानमन्त्री हुने दाउमा छन् । त्यसका लागि नवनिर्वाचित सांसदहरुसँग छलफल बढाएका छन् । महामन्त्री थापाले त आमचुनाव अगाडि नै प्रधानमन्त्री बन्ने घोषणा गरेका थिए । उक्त घोषणाबाट पछि नहटेका थापालाई अर्का महामन्त्री विश्वप्रकाश शर्मा र केन्द्रीय सदस्य प्रदीप पौडेलले बलियो साथ दिएका छन् ।

डा.शेखर भने १४औं महाधिवेशनमा बनेको प्यानलकै सांसदहरुको साथ पाउनेमा विश्वस्त देखिन्छन् । दलको नेता बन्नु भनेको भावी प्रधानमन्त्री हो । कांग्रेसभित्र देखिएको यो अन्योलले सत्ता गठबन्धनमा असर देखिएको छ । कांग्रेस सभापति देउवाले गठबन्धनमा आवद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका नेताहरुलाई दलको नेताको चुनाव सकिएपछि मात्रै प्रधानमन्त्रीबारे छलफल हुने जवाफ दिइरहेका छन् । सँगै, प्रधानमन्त्री देउवाले फेरि पनि कांग्रेसकै नेतृत्वमा सरकार बन्ने पनि बताउन छुटाएका छैनन् ।

जबकी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## श्रम सचिव अर्यालले स्वीकारे तीतो यथार्थ

# 'बंगलादेशले एक महिनामा कामदार पठाउँदा नेपाललाई छ महिना लाग्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एक नारायण अर्यालले नेपालको वैदेशिक रोजगार प्रक्रिया कति ढिलो र झण्झटिलो छ भन्ने तीतो यथार्थ सार्वजनिक गरेका छन् । सचिव अर्यालले बंगलादेशले एक महिनामा कामदार विदेश पठाउँदा त्यही काम नेपालले छ महिना लगाउने गरेको बताएका हुन् ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस-२०२२ को अवसरमा आइतबार राजधानीमा आयोजित 'नेपाल आप्रवासन प्रतिवेदन-२०२२' सार्वजनिक कार्यक्रममा सभाध्यक्षको



आशनबाट बोल्दै सचिव अर्यालले वैदेशिक रोजगारीमा जाने युवायुवतीले स्वदेशमा नै धेरै बाधा पार गर्नुपर्ने अवस्था रहेको र त्यसलाई रोक्न मन्त्रालयले डिजिटल ट्रान्सफर मेसनको शुरुवात गरेको बताए । उनले भने, 'नभई नहुने अवस्था देखेर श्रम स्वीकृति अनलाइन प्रविधिबाट अघि बढाएका छौं । यसले बिचौलिया र अनुचित चलखेल घटाएको छ ।'

सचिव अर्यालले वैदेशिक रोजगारमा – बाँकी पृष्ठ २ मा

## संघको साधारण सभा र निर्वाचन आठ पुसमै

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारण सभा र निर्वाचन पुस ८ गते नै हुने भएको छ । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले पुर्व निर्धारित पुस ८ को नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारण सभा र निर्वाचन सारेर पुस महिनाको अन्त्यतिर गर्नुपर्ने माग गरेको थियो ।

तर आइतबार साधारण सभा र निर्वाचनको विषयमा कानूनी सल्लाहकार तथा संघलाई छाता संस्था मान्ने राजनीतिक, जातीय तथा भेगीय संस्थाका प्रतिनिधिहरुसँगको छलफलमा पुस ८ गते शुक्रबार नै साधारण सभा – बाँकी पृष्ठ २ मा

**UAE को प्रतिष्ठित Semi Government कम्पनीमा महिला तथा पुरुष Security Guard तथा House Keeping मा रोजगारको अवसर**

**COMPANY : TRANSGUARD GROUP** **CITY: DUBAI**

पूर्व स्वीकृत मितिः २०७९/०७/२३ चलानी नं.: ६०१९०८४४ LT. No.:275113

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (House Keeping) | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guards | 0 | 100 | | 2000 | ७१,२२० | | | | | | | |

नोटः❖ Security Guard को पुरुषको हकमा उचाई ५ फिट ७ ईन्च साथै महिलाको हकमा उचाई ५ फिट ३ ईन्च हुनुपर्नेछ ।
❖ English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।

**भिसा १ हप्ता भित्रमा प्राप्त हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस ४ गते (आज)(19 Dec. 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207, 4982296, E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690, 9801051244, 9801175502, 9801175503

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
**तालिम खुल्यो**
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्स्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
**माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर**, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नः ०१-४९८७४०५

# बाजुराको रुढी गाउँमा खाद्य संकट

**मान बहादुर बिश्वकर्मा/मध्यान्ह**
बाजुरा, ३ पुस



बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका- १ को रुढी गाउँ विगत आठ वर्षदेखि खाद्य संकटको चपेटामा परेको छ। रुढी गाउँमा रहेका १ सय बढी परिवार बाह्रै महिना खाद्य संकटको चपेटामा परेका हुन्। लगातारको खडेरी र गाउँमा रहेको रुढी सिँचाई कुलो सुख्खा पहिरोले बगाएपछि खेतियोग्य जमिन ८ वर्षदेखि बाँझै रहेको स्थानीय वीरबहादुर कार्कीले बताए। 'न पानी पऱ्यो, न सिँचाई कुलो बन्यो, पानी आएपनि खेति लगाउने बेला आउँदैन, त्यसैले ८ वर्षदेखि खेतियोग्य बाँझो रहेको छ' उनले भने।

बाह्रै महिना किनेर खानुपर्ने बाध्यता भएपछि अधिकांश पुरुषहरु भारतमा नोकरी गर्न जाने गरेको कार्कीको भनाइ छ। २ करोड भन्दा बढी लगानीमा सिंचाई कुलो निर्माण भएको केही वर्षमै सुख्खा पहिरोले सिंचाई कुलो बगाएको थियो। पटक-पटक मर्मत गर्न लागेपनि पहिरोका कारण सिंचाई कुलो सञ्चालनमा आउन नसकेको रुढी गाउँका स्थानीले बताउँछन्। सिँचाई भएपछि रुढी गाँउमा खेतियोग्य जमिनका रुपमा चिनिने गरेको थियो। अहिले यहाँ जग्गा बाँझै छ, जग्गा हेरेर चित्त बुझाउनु भन्दा अरु केही काम नभएको दिल बहादुर धामीले बताए।

बाजुराको सदरमुकाम मार्तडीबाट ३ दिन पैदल दुरीमा रहेको यो गाउँमा सरकारको ध्यान जान नसकेको स्थानीयको गुनासो छ। 'बच्चाहरुका लागि खानेकुरा पुऱ्याउन सक्दैनौ, आफूहरु त पेटभरी खान पाउँदैनौं' स्थानीय अर्चना कार्कीले गुनासो गरिन्। कहिलेकाँही भोकै सुत्नु गरेको उनको गुनासो छ।

खाद्य संकटसँगै महिला र बच्चाहरुमा रक्त अल्पता र कुपोषणको संक्रमण बढ्दै गएको छ। 'हरियो सागपात, गेडागुडी फलफुल केही खान पाउँदैनौं, गाउँमा धेरै महिला र बच्चाहरु कुपोषित छन्' स्वास्थ्य स्वंयमसेवीका विना भुलले बताइन्।

'माथिबाट सुख्खा पहिरो छ, तल गाउँ छ, गाउँ नै जोखिममा रहेको छ, अर्कोतिर लामो समयदेखि खडेरी छ, अन्न लगाउन पाएका छैनन्' स्थानीय जानकी तिरुवाले बताइन्। विस्तारै-विस्तारै हातखुट्टा काम्ने, चक्कर आउने तथा कमजोरी हुने समस्या देखिएको उनले बताइन्। आफूहरु खाद्य असुरक्षित र पहिरोको जोखिममा भएको भन्दै पटक-पटक सरकारसँग माग र पहल गरेको भएपनि कसैले वास्ता नगरेको स्थानीय चतुर बमले बताए।

मानव अधिकारको दृष्टिकोणबाट उनीहरुको खाद्य अधिकार हनन् भएको खाद्य अधिकारका क्षेत्रमा काम गर्दै आएको फियान नेपालका कार्यक्रम निर्देशक अशोक सिंह बताउँछन्। 'उनीहरुले सामान्य खाना खानसमेत पाउँदैनन्, पोषण त उनीहरुका लागि धेरै टाढाको कुरा हो' उनले भने। राज्यले संविधानमा मौलिक हकको व्यवस्था गरेको भएपनि उनीहरु खाद्य अधिकारबाट वञ्चित रहेको सिंहको भनाइ छ।

महिलाको हकमा त्यहाँको कानूनले नसमेट्ने, राहदानी रोजगारदाताले राख्ने, दूतावासको पहुँच नहुने र सम्बन्धित देशको श्रम कानूनको पूर्ण उपयोग नहुने भएकोले रोक लगाउने निर्णय गरिएको भन्दै सचिव अर्यालले श्रम कानूनको पूर्णरूपमा कार्यान्वयन हुने अवस्था बनाएर महिला कामदार पठाउन मन्त्रालयले कार्ययोजना बनाइरहेको बताए। श्रम सम्झौता भएका मुलुकमा सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने गरी श्रम सम्झौता नवीकरण र नयाँ सम्झौतामा पनि कामदारलाई सामाजिक सुरक्षामा आवद्ध गराउन जोड दिने नीति रहेको भन्दै सचिव अर्यालले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)लाई कामदार मैत्रीपूर्ण र उपयोगी बनाउने, रोजगारदाताको लगानीमा कामदारका लागि तालिम दिन प्राविधिक सीप तालिम एकाडेमी बनाउने योजना पनि अगाडि बढाउने उनले बताए। उनले भने, 'प्रणालीमा डिजिटलाइजेशन महत्वपूर्ण छ, अहिलेको बंगलादेशले एक महिनामा कामदार पठाउँदा नेपालमा ६ महिना लाग्छ यसरी हुँदैन, श्रम गन्तव्य पनि गल्फ र मलेसियाबाट मानवअधिकारका दृष्टिकोणले राम्रो अवस्थामा रहेका युरोप सिफ्ट गर्नुपर्ने छ।'

कार्यक्रममा प्रमुख अतिथिको आशनबाट बोल्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले सरकारले वैदेशिक रोजगारमा गएका कामदारमाथि हुने सबै प्रकारका समस्याको समाधान खोज्ने गरी काम गरिरहेको बताए। मन्त्री कुँवरले आप्रवासनमा रहेका नेपाली श्रमिकका समस्या धेरै देखिएको भन्दै ती समस्या समाधानका लागि मसिनो गरी केलाउनुपर्ने अवस्था रहेको बताए।

मन्त्रालयले आप्रवासनमा रहेका कामदारको दुःख कष्टमा मल्हम लगाउने गरी काम गरिरहेको भन्दै मन्त्री कुँवरले भने, 'सरकारले श्रमिक पठाउँदा उनीहरूको मर्यादा, न्यूनतम पारिश्रमिक, सुविधा र समस्यामा पर्दा उद्धार गरेर सहजीकरण गर्न अघि बढेको छ।'

युवा अवस्थामा विदेशी भूमिमा काम गरेर बाँकी जीवन स्वदेशमा व्यतीत गर्दा अवकाश प्राप्त जीवन कष्टकर नहोस् भनेर उनीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरी कोषका कार्यालय विकेन्द्रीकरण गरिएको मन्त्री कुँवरले बताए।

मन्त्रालयका सहसचिव राजीव पोखरेलले स्वागत मन्तव्य राखेको कार्यक्रममा उपसचिव कविराज उप्रेतीले 'नेपाल आप्रवासन प्रतिवेदन-२०२२' बारे प्रकाश पारेका थिए। कार्यक्रम अन्तर्राष्ट्रिय आप्रवासन संगठनको नेपाल मिसन चिफ लोरेन लन्डो, साउथ एसिएन ट्रेड युनियन काउन्सिलका महासचिव लक्ष्मणबहादुर बस्नेत, गैर आवासीय नेपाली संघकी रविना थापा, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष हरिबहादुर थापा, वैदेशिक रोजगार बोर्डका कार्यकरी निर्देशक द्वारीका उप्रेतीलगायतले सुरक्षित आप्रवासनका विविध पक्षमा सरकारको ध्यानाकर्षण गराएका थिए।

## संघको...

र नयाँ कार्यसमितिको निर्वाचन गर्नु कानूनी बाध्यता रहेको निष्कर्ष निकालिएको संघका सहसंयोजक प्रेम कटुवालले मध्यान्हलाई जानकारी दिए। संघले निर्वाचनको तयारी गरिरहेको बेला प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले निर्वाचनको एक हप्ता अघिसम्म पनि मतदाता नामावली सार्वजनिक नभएको भन्दै साधारण सभा र निर्वाचन सार्नुपर्ने माग गरेको थियो।

तर संघका सहसंयोजक कटुवालले मंसिर २९ गतेसम्म पठाइएका ३७९ जना प्रतिनिधि मात्रै मतदानमा सहभागी हुने गरी साधारण सभा र निर्वाचन हुने अवस्था बनेको बताए। कटुवालले भने, 'सबै व्यवसायी साधारण सभामा उपस्थित हुनुहुन्छ, ३७९ जनाले नयाँ नेतृत्वको लागि मतदान गर्नुहुनेछ।'

पुस ८ मा निर्वाचन गर्ने जानकारी संघले आइतबार नै निर्वाचन समितिका संयोजक ऋषि शर्मालाई दिएको छ।

## नयाँ ...

प्रतिनिधिसभामा प्रतिनिधित्व छ। कांग्रेसका ८९, नेकपा एमालेका ७८, नेकपा माओवादी केन्द्रका ३२, नेकपा एकीकृत समाजवादीका १०, जनता समाजवादी पार्टी (जसपा) का १२, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १४ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २० सांसद छन्। स्वतन्त्र सांसदहरुमा अमेरशकुमार सिंह, प्रभु साह, लालवीर चौधरी, योगेन्द्र मण्डल र किरणकुमार साह छन्।

सरकार गठनका लागि १३८ सांसद आवश्यक पर्छ। गठबन्धन बनाएर चुनाव लडेका पाँच दलको सरकार बन्न बहुमत नजिक जनमत छ। सिके राउत नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले सरकारमा जाने निर्णय गरेका कारण सत्ता गठबन्धनलाई सरकार बनाउन अङ्कगणितका हिसाबले समस्या पर्ने देखिन्न। तर, पावर सेयरिङलाई लिएर नेकपा माओवादीले एमालेसँग पनि संवाद कायम राखेको छ। यसकारण नयाँ समिकरणको सम्भावनाबारे पनि बहस भएका छन्। अर्कोतर्फ कांग्रेस र एमालेका नेताहरु पनि संवादमा छन्। एमाले नेताहरुले सार्वजनिक रुपमै एमाले र कांग्रेसको सरकार बनाउनुपर्ने बताइरहेका छन्।

सरकार गठनका सन्दर्भमा जसपा र लोसपाले पनि चासो राखेका छन्। दुबै दल सरकारमा जान तयार छन्। तर, सत्ता गठबन्धनले दुबै दललाई चुनावपछिको गठबन्धनको बैठकमा सामेल गराएको छैन्। तथापि, लोसपाले आफूलाई सत्ता गठबन्धनको हिस्सेदारका रुपमा दाबी गर्दै आएको छ। कांग्रेसले कम्युनिस्ट बाहेकको सरकार बनाउन सक्ने पनि कतिपयको आशंका छ। अनेकन आशंकाहरुले मुर्त रुप लिन केही दिन पर्खनुपर्ने छ।

नयाँ सरकार गठनका लागि हाल सत्ता गठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोसपा र जनमोर्चाले पहिलो प्रयास गर्दैछन्। तर, गठबन्धनभित्र को पहिला प्रधानमन्त्री हुने भन्ने विषयको टुंगो लागिसकेको छैन। यो विषयको टुंगो नलागेकाले गठबन्धनभित्र प्रधानमन्त्रीको आकांक्षी रहेका कांग्रेस सभापति शेरबहादुर देउवा वा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डमध्ये कसको नेतृत्वमा सरकार गठन गर्ने भन्ने अन्यौल छ। यद्यपि दलहरुबीच यसबारे अब घनिभूत छलफल हुने नेताहरुले बताउँदै आएका छन्। कांग्रेसले आइतबार बैठक बसेर आफ्नै नेतृत्वमा सरकार गठन गर्न पहल गर्ने निर्णय गरिसकेको छ।

यता विपक्षी गठबन्धनमा रहेको एमाले समेत निर्वाचनको नतिजापछि अर्को गठबन्धन बनाएर सरकार बनाउने भित्री प्रयासमा लागेको देखिन्छ। सत्ता गठबन्धनले बहुमत पुर्याउँन असफल भए आफ्नो नेतृत्वमा नयाँ सरकार बनाउने एमाले चाहनाअनुसार उसले विभिन्न दलका नेताहरूसँग भेटघाट र संवाद गरिरहेको छ। तर एमालेको चाहना असफल पार्न सत्तारुढ दल सैद्धान्तिक रुपमा एक भएपनि व्यवहारिक रुपमा हुन सकेका छैनन्।

निर्वाचनबाट कुनै दलको स्पष्ट बहुमत नहुँदा अबको सरकार कस्तो बन्ला भन्ने आम चासोको विषय बनेको हो। यसमा दलहरुका सामु विभिन्न विकल्पहरु खुला छन्। अहिलेकै गठबन्धनले बहुमत जुटाएर सरकार बनाउने पहिलो विकल्प देखिए पनि शक्ति बाँडफाँड उनीहरुका लागि जटिल बनेमा राजनीतिक कोर्स अन्तै मोडिन पनि सक्छ।

गठबन्धनको सरकार बनाउन गठबन्धनका शीर्ष नेतादेखि अन्य नेताहरू समेत एकमत भए पनि देउवा र प्रचण्डबीच कसले पहिला सरकारको नेतृत्व गर्ने भन्ने विषय नटुंग्याएसम्म गठबन्धनले सरकार बनाउने विषय थप पेचिलो बन्न सक्ने देखिन्छ। अर्थात, नयाँ सरकार गठनका लागि आह्वान भएसँगै राजनीतिक दलहरुका शीर्ष नेताहरुको भेटघाट बाक्लिएको छ। यही बेला २० सिट सहितको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि संवादमा छ। भेटमा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले त राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई सरकारमा जाने या नजानेबारे जिज्ञासा राखेका छन्। भेटलाई पुष्टि गर्दै रास्वपा महामन्त्री एवं प्रवक्ता मुकुल ढकालले भने, 'समसामयिक विषयमा कुरा भए। एक अर्कालाई बुझ्ने कोशिस भयो।' सरकार गठनबारे कुरा उठ्दा ओलीले रविलाई सोधेका थिए, 'सरकारमा जाने, नजानेबारे के सोच्नुभएको छ ?' लामिछानेले भने आफूहरुलाई एकल सरकार बनाउने मत प्राप्त नभएकाले आफूले त्यसबारे धेरै नसोचेको बताएका थिए। यद्यपि जसले आफ्ना मुद्दा सम्बोधन गर्छ उसलाई साथ हुनसक्ने संकेत लामिछानेले गरेका थिए।

## हर्क...

मागेका छन्। तर, अभिव्यक्तिकै कारण विवादमा परेका हर्क उपमहानगरभित्र समेत विवादमा पर्दै आएका छन्। स्वेच्छाचारी नीति अपनाएर 'तोकादेशको आधारमा नगर चलाउँछु' भनेपछि वडाध्यक्षहरूले उनको राजीनामाकै माग गरेका थिए। उनलाई २० जना वडाध्यक्ष सहित २८ जना कार्यपालिका सदस्यले विभिन्नस्वेच्छाचारी, गैरजिम्मेवार भएको आरोप लगाउँदै आएका छन्। सप्तरंगी पार्कलाई बहुसांस्कृतिक संग्रहालय बनाउने मेयरको प्रस्तावको विषयलाई लिएर दुईपक्षीय विवादमात्रै चर्किएन कार्यपालिकाका सदस्यले साम्पाङ्गले माफी नमागेसम्म बैठकमै सहभागी नहुने अडान समेत राखे।

'उनले हातै जोडेर माफी माग्नु पर्दैन तर कम्तीमा बोल्दा शब्दमा तलमाथि पऱ्यो सदस्यज्यूहरू, अन्यथा नलिनुहोला, हामी सबै अब एक भएर धरानको विकासका लागि अगाडि बढौं भन्न पनि गाह्रो मानेका छन्। मेयर साबको यस्तो रवैयाले त कसरी धरानको विकास गर्ने चिन्ता लाग्न थालेको छ' एक कार्यपालिका सदस्यले भने। उनले मेयरको शैली नसुध्रेसम्म काममा झन् असहजता हुने बताएका छन्। धरानको समग्र विकासको अपेक्षा सहित स्वतन्त्र उम्मेद्वारबाटै विजयी भएका साम्पाङ्गले अभिव्यक्ति नसुधारे आगामी दिन उनका लागि झनै असहज बन्ने देखिएको छ। तरपनि, उनी कसैसँग झुक्दिन भन्ने अभिव्यक्ति दिएर थप विवादमा आईरहेका छन्।

## वाम...

पनि कांग्रेस सहितको गठबन्धनबाटै प्रधानमन्त्री बन्ने बताइरहेका छन्। आलोपालो प्रधानमन्त्री बन्ने र पहिलोपटक आफू प्रधानमन्त्री बन्ने अडान प्रचण्डले लिएका छन्। तर कांग्रेसका नेताहरुले प्रचण्डको अडान नस्वीकार्ने मात्रै नभएर राष्ट्रपति समेत आफै खोजिरहेका छन्। यसले सत्ता गठबन्धनभित्र बाडभण्डा सकसपूर्ण बनिरहेको छ। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल पनि प्रधानमन्त्रीकै दौडमा छन्। उनी राष्ट्रपति नबनेर कार्यकारी भूमिकामै रहने बताइरहेका छन्।

अर्कातिर नेकपा एमाले भने कांग्रेस नेतृत्वको गठबन्धन जसरी पनि तोड्न चाहन्छ। एमाले नेताहरुले माओवादी केन्द्रका नेतृत्वसम्मै गठबन्धन तोडेर वाम दलहरुको सरकार बनाउने प्रस्ताव लगिरहेका छन्। प्रचण्डलाई प्रधानमन्त्री स्वीकारेर भएपनि एमाले सरकारमा जान चाहनुमा भने सत्ताकै स्वार्थ हो। यदि अहिले कांग्रेस नेतृत्वको गठबन्धन कायम रहेमा एमालेले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपसभामुखदेखि सबै प्रदेश प्रमुख, मुख्यमन्त्री र मन्त्रीहरु बनाउने अवसर समेत गुमाउनुपर्नेछ।

त्यसो भएकाले राष्ट्रपति लिएर भएपनि एमाले वाम सरकार बनाउन चाहन्छ। यदि प्रचण्डले यो प्रस्ताव स्वीकारेमा कांग्रेस बाहेकको सरकार बन्ने संभावना पनि छ। एमालेसँग ७८, माओवादी केन्द्रसँग ३२, राप्रपासँग १४, एकीकृत समाजवादीसँग १० सिट छ। त्यसमा २० सिटको राष्ट्रिय स्वतन्त्र पार्टीले साथ दिएमा वाम नेतृत्वको सरकार संभव पनि छ।

तर यो गठबन्धन बन्नुमा भने विगतको राजनीतिक पृष्ठभूमि बाधक देखिएको छ। २०७४ को चुनावमा गठबन्धन गरेर चुनाव लडेको एमाले र माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) फुटेरै अहिलेको कांग्रेस नेतृत्वको गठबन्धन बनेको हो। नेकपा बन्दा केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डबीच आलोपालो प्रधानमन्त्रीको सहमति थियो। तर ओलीले आलोपालो प्रधानमन्त्री नछोडेपछि उत्पन्न विवाद बढ्दै जाँदा नेकपा फुटेको थियो।

अहिले फुटेको नेकपा नै एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी बनेको छ। माओवादी केन्द्र र एकीकृत समाजवादीले कांग्रेससँग स्थानीय, प्रदेश र प्रतिनिधिसभा चुनावमा तालमेल गरे। फेरि तिनै वाम शक्तिहरु एकठाउँ उभिन बिगतको अविश्वास बाधक देखिएको छ।

## श्रम...

जाने श्रमिक उत्प्रेरित भएर नगएसम्म उत्पादकत्व र रेमिट्यान्स वृद्धि नहुने भएकोले सीप र तालिमका माध्यमबाट उत्प्रेरित गर्नु आवश्यक रहेको बताए। वैदेशिक रोजगारबाट रेमिट्यान्स र रोजगारी देखिएको भए पनि १० वर्षमा १३ हजार नेपालीको मृत्यु तथा अंगभंगको संख्यामा वृद्धि र श्रीमान श्रीमती वैदेशिक रोजगारमा जाँदा त्यसले सामाजिकरूपमा नकारात्मक प्रभाव परेको विषयलाई हलुका रूपमा लिन नहुने अवस्थामा नेपाल पुगेको उनले टिप्पणी गरे।

## साउदीमा रोजगार | १. कम्पनी: RAWABI HUMAN RESOURCES
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१४० LT. No.: 271468 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | SCAFFOLDER | 6 | 0 | स. काममा दक्ष | 1200 | ४२,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस ११ गते (26 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Miracle Employment Service (P.) Ltd**
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/०९/०४**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सूचना नं | विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| TBM/W/NCB-04/079/80 | Nepal Rastriy Ma Vi School Building Construction | Ganesh Baba Construction and Suppliers Pvt.Ltd. | 11134870.86 |
| TBM/W/NCB-05/079/80 | Jagdamba Ma Vi School Building Construction | Swargadwari nirman Sewa, Bardiya | 13198847.61 |
| MG/G/NCB-03/079/80 | Procurement Of Supply and Delivery of Sanitary Pads | Gitashwini Promed,Pvt. Budhanilkantha -08,Kathmandu | 1885970.00 |

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७९/०९/०४**

यस कार्यालयमा मिति २०७९/०२/१८ मा दर्ता भएको **प्रा.लि.नं. २९१५३२** को **आवास कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०८/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### नाम परिवर्तन गरिएको सम्बन्धी सूचना

आखु इन्टरप्राइजेज प्रा.लि.को मिति २०७९।०२।११ गते बसेको संचालकहरुको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी आखु इन्टरप्राइजेज प्रा.लि. (Ankhu Enterprises Pvt.Ltd.) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७९।०८।२६ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**आखु इन्टरप्राइजेज प्रा.लि.**
**नागार्जुन न.पा -०१, काठमाण्डौ , नेपाल।**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०९/०४**

यस कार्यालयमा मिति २०७९/०४/२४ मा दर्ता भएको **प्रा.लि. नं. २९५९२०** को **मिस्टर चिया प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### दुर्गा सा.ब.उ.समुह नबदुर्गा गा.पा.२ को काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/०४**

डडेल्धुराको नबदुर्गा गाउँपालिका वार्ड नं.२ मा रहेको दुर्गा सा.व.उ.स को वन क्षेत्रबाट आ.व.०७९/०८० मा उत्पादनभई सा.व.स को घाटगद्दीमा राखिएको सल्ला प्रजातीको A ग्रेड थान २ थानको ३५.७६ क्यूफिट र ग्रेड B को थान १२८ को ११५८.६५ क्यूफिट काठ गरि जम्मा थान १३० को ११९४.४१ क्युफिट काठ छ। काठ जे जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्धारा विक्री बितरण गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।
यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ व्यहोरा अवगत गराईन्छ।

**अध्यक्ष**

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः२०७९/०९/०४**

मिति २०७९/०५/२८ गते नयाँ पत्रिकामा प्रकाशित वोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्याद भित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ७ तथा Bid Document को Evaluation and Qualification Criteria बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका र प्रबिधिक मूल्यांकनमा सफल बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न अनुसारको वोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सवै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु.(मु.अ. कर बाहेक) |
|---|---|---|---|
| MRM/Sindhuli/Works /NCB/02/2079-080 | Construction of 15 bed Hospital | श्री स्काई विल्डर्स (प्रा). लि., नयाँ बानेश्वर, काठमाण्डौ। | १४,६२,८७,२२१।०० |

प्रमुख प्रशासकीय अधिकृत

# शिक्षकको दरबन्दी अभावले पठनपाठनमा असर

**ओबराज शाही / मध्यान्ह**
हुम्ला, ३ पुस



हुम्लाको उत्तरी नाम्खा गाउँपालिका ५ को एक सामुदायिक विद्यालयमा शिक्षकको दरबन्दी अभाव देखिएको छ । नाम्खा गाउँपालिका ५ को खासरपानी आधारभूत विद्यालय मुचुमा विद्यार्थीहरु उल्लेख्यरुपमा भएपनि शिक्षकको दरबन्दी अभाव देखिएको हो । गाउँपालिकाले निम्न माध्यमिक तहको दरबन्दी नदिएपछि हाल उक्त विद्यालयमा प्राथमिक तहका दरबन्दीवाला शिक्षकले धानेका छन् । कक्षा १ देखि ८ सम्म पढाइ हुने खासरपानी आधारभूत विद्यालय मुचुमा दुई जना प्राविका शिक्षकका भरमा विद्यालय चलेको छ । निम्न माध्यमिक तहको शिक्षक नभएपछि प्राविका शिक्षकहरुले पढाउँदै आएको खासरपानी आधारभूत विद्यालयको कक्षा ८ मा अध्ययनरत पेमा बुढाले बताइन् । उनले भनिन्, 'पालो कुर्नुपर्छ मावि का सरहरू छैनन्, प्राविका हेड सरले चार वटा विषय एक्लै पढाउनुहुन्छ ।'

विद्यालयमा शिक्षकहरु नभएपछि कक्षा ६, ७, र ८ का विद्यार्थी एकै ठाउँ बसेर पढ्नु परेको कक्षा ८ मा अध्ययनरत छिङ्डुन तामाङको गुनासो रहेको छ । कक्षा कोठा खाली हुने भएपछि सधैंभरि एकै ठाउँमा राखेर शिक्षकले पढाउँदै आएको बताउँदै तामाङले आफूहरुलाई पढाएको बुझ्न गाह्रो हुने बताइन् । विद्यालयका प्रधानाध्यापक हर्कबहादुर बोहराका अनुसार निम्न माध्यमिक तहको दरबन्दी अहिलेसम्म खाली रहेको छ । 'प्राविको दरबन्दीअनुसार छैन, दुई जना प्राविका शिक्षकहरूले कक्षा ८ सम्म धानेका छौं,' उनको गुनासो छ । आधार विकासले होस्टेलबाट दुईजना शिक्षिका पठाएपछि केही सहज भएको उनले बताए ।

गाउँपालिकालाई पटकपटक निम्न माध्यमिक तहको दरबन्दीको माग गरे पनि सुनुवाइ नभएको प्रधानाध्यापक बोहराले बताए । 'विद्यालय व्यवस्थापन समितिबाट निम्न माध्यमिक विद्यालयको दरबन्दी माग गरेका छौं, अहिलेसम्म माग पूरा नगरेपछि प्राविका शिक्षकले धान्नुपरेको छ,' उनले भने ।

# मेयर चौधरीले भवन निर्माण गर्न जग्गा उपलब्ध गराउने

**राजेन्द्र महतो / मध्यान्ह**
सिरहा, ३ पुस



नेपाल पत्रकार महासंघ सिरहा शाखाको १३ औं साधारण सभा लहानमा सम्पन्न भएको छ। शनिबार लहानस्थित सिरहाको एतिहासिक धरोहर सलहेस फुलबारीमा साधारण सभा सम्पन्न भएको हो । पत्रकार महासंघ सिराहाका अध्यक्ष मनोज बनैता अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि लहान नगरपालिकाका मेयर महेश प्रसाद चौधरी र महासंघको केन्द्रीय सदस्य ललिता साहद्वारा संयुक्तरुपमा ब्यानर विमोचन गरी उद्घाटन गरिएको थियो ।

कार्यक्रममा लहान नगरपालिकाका प्रमुख महेश प्रसाद चौधरीले महासंघको भवन निर्माणका लागि १० धुर जग्गा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । उनले देश र समाज विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने पत्रकारिता क्षेत्रका लागि आफूले कानूनीरूपमा सबै सहयोग उपलब्ध गराउने बताए । प्रमुख चौधरीले समाजको महत्वपूर्ण क्षेत्र पत्रकारिता जनताको पक्षमा हुनुपर्ने बताए । कार्यक्रममा महासंघका केन्द्रीय सदस्य ललिता साह र महासंघ सिरहाका अध्यक्ष बनैताले महासंघको भवन निर्माणका लागि आवश्यक सहयोग गर्न आग्रह गरे ।

# पत्रकार महासंघ रूकुमको सातौं साधारण सभा सम्पन्न



**सत्य बटाला / मध्यान्ह**
रुकुम पश्चिम, ३ पुस

नेपाल पत्रकार महासंघ रूकुम पश्चिमको सातौं साधारण सभा मुसीकोटमा सम्पन्न भएको छ । संस्थाको सांगठनिक तथा आर्थिक प्रतिवेदन पास गर्दै साधारण सभा सम्पन्न भएको हो। महासंघ जिल्ला शाखा उपाध्यक्ष गोपाल रेग्मी र सचिव हिरा परियारले सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष ज्ञानुकुमार गौतमले आर्थिक प्रतिवेदन पेश गरेका थिए। साधारण सभाको बन्द सत्रले उक्त प्रतिवेदन पास गरेको हो। त्यस्तै संचार क्षेत्रको संस्थागत विकासको लागि पहल गर्ने, संचार क्षेत्रको दीर्घकालिक विकासको लागि महासंघले भावि योजना निर्माण गर्ने तथा मिडिया मैत्री कानून निर्माणका लागि सम्पूर्ण स्थानीयतहलाई अनुरोध गर्ने विषयमासमेत साधारण सभामा छलफल चलेको महासंघका अध्यक्ष लक्ष्मण केसीले जानकारी दिए । साधारण सभाको कर्णाली प्रदेश सभा सदस्य महेन्द्र केसीले उद्घाटन गरेका थिए । साधारण सभाको उद्घाटन सत्रमा पत्रकार महासंघका अध्यक्ष लक्ष्मण केसीले महासंघको हालसम्मको अवस्था समेटिएको प्रतिवेदन पेश गरेका थिए । प्रदेश सभा सदस्य महेन्द्र केसीको प्रमुख आतिथ्यतामा शुरु भएको साधारण सभामा महासंघका कर्णाली प्रदेश अध्यक्ष देबिराम देवकोटा, महासचिव खगेन्द्र भट्टराई, जिल्ला समन्वय समितिका प्रमुख लुम्बिनी गौतमको विशेष आतिथ्यता रहेको थियो । साधारण सभामा जिल्लास्थित पालिका प्रमुख तथा अध्यक्ष, उपाध्यक्ष, कार्यालय प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकाय, पत्रकार संघ संगठन लगायतको उपस्थिति रहेको थियो । उपाध्यक्ष गोपाल रेग्मीको स्वागत मन्तव्यबाट शुरू भएको साधारण सभा उद्घाटन कार्यक्रमको संचालन सचिव हिरा परियारले गरेकी थिइन् ।


## मलेसियामा रोजगार

कम्पनी : UNITED PANEL-SYSTEM (M) SDN BHD
शहर : Johor

पूर्व स्वीकृत मिति: २०७९/०९/०३ चलानी नं.: ६०१९३४७३ LT. No.: 277766

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस ११ गते (26 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ६७८/०६३/०६४

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०५८, मो.: ९८५११२८५१६, ९८१५३७९९२१
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com

## साउदीमा रोजगार

कम्पनी: ABDULLA NASS & PARTNER CO.
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७९/०३/२७ चलानी नं.: ६०१८३०२७ LT. No.: 267093 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Scaffolding Erector | 5 | 0 | स. काममा दक्ष | 1200 | ४२,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस ११ गते (26 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ७९०/०६५/०६६

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१, ९८४०००६१२०
Email : protechnepalemps@gmail.com


## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०७९/०९/०४ गते)

यस कुमाख गाउँपालिकाको प्रथम पटक प्रकाशित मिति २०७९।०७।२२ गतेको नागरिक राष्ट्रिय दैनिक मार्फत प्रकाशित Shree Bhairabi Ma. Bi. Ramri Building Construction Work आयोजनाको ठेक्का नं. KRM-NCB/W-4-079/080 सम्बन्धी बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको मितिभित्र ई–विड मार्फत दाखिला भएका बोलपत्रहरू मूल्याङकन गर्दा प्राविधिक, व्यापारीक एवम् आर्थिक तवरले सारभुत रूपमा प्रभावग्राही देखिएकोले तपशिलको बोलपत्र स्विकृत गरिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स. | ठेक्का सूचना नं. | कामको विवरण | आपूर्ति कर्ताको नाम | कवोल अंक रू. (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | KRM-NCB/W-4-079/080 | Shree Bhairabi Ma. Bi. Ramri Building Construction Work | Star Darma Malika Construction And Suppliers Pvt.Ltd, Dang. | 2390869.11 | |

प्रमुख प्रशासकीय अधिकृत

**Provincial Government**
**Ministry of Land Agriculture**
**Directorate of Livestock and Fisheries Development**
## Veterinary Hospital and Livestock Service Expert Center
**Khandbari, Sankhuwasabha, Nepal**

### Invitation for Bids

**Invitation For Bids (IFB):-VHLSEC/SANKHUWASAVA/NCB/WORKS/01-01-2079/80**
**Date of publication:2079/ 09/04 ( 19th December, 2022)**

1. Provincial 1 Government has allocated funds towards the cost of construction for the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bids is open to all eligible Nepalese bidders.
2. **Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal** invites electronic bids form eligible bidders for following under national competitive bidding Procedure some of the information is mentioned below, though the details are in the bidding documents.
3. A complete set of Bidding Documents may be downloaded from the PPMO e-Portal-WWW.Bolpatra.gov.np/egp(e-GP II) .

| S.N. | Contract ID. | Description of works | Estimated Amount (Without Vat) | Bid Security amount | Cost of bidding documents | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | VHLSEC/ SANKHUWASAVA/ NCB/ | Construction of Veterinary Office Building-Bhojpur, Nepal | 4277503.32 | 125000.00 | 3,000.00 | Single-Stage: Single-Envelope | 2079/10/04 (18th January, 2023) at 12:00 | 2079/10/04 (18th January, 2023 at 13:00 |

4. a. Information to deposit the cost of bidding document in Bank:
   i. Name of the Bank: **RastriyaBanijya Bank,Khandbari Branch**
   Name of Office: **Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal**
   **ii. Office Code :- 3120204011**
   iii. Rajaswa (revenue) Shirshak no. : **14229**
   **iv. Rajaswa ( revenue ) Account No :- 1000200010000**

   b. Information to deposit the Bid Security in Bank:
   i. Name of the Bank: **RastriyaBanijya Bank,Khandbari Branch**
   ii. Name of Office Account:**Pradesh Lekha Ikai, Khandbari, Sankhuwasabha**
   iii. Name of Office to Deposit: **Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal**
   iv. Office Code no.: **3120204011**
   v. Office Account no.: **2080100202030000**
5. Employer Name :**Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal,** Email :**vhlssankhuwasava@gmail.com**
6. The Employer reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.

**Act. Office Chief**

## Marma Rural Municipality
## Office of Rural Municipal Executive
**Latinath, Darchula**

### Invitation for Bids

**Date of publication: 2079/09/4**

1. Marma Rural Municipality, Latinath, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding procedures.

| S.N | Contract ID | Description of Work and Contract No. | Estimated Cost (Excluding VAT) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | MRMA/NCB/ TB/01/2079-080 | Fabrication of steel parts and transportation up to road heads of Ghattekhola Steel Truss and Kachuligad Trail Bridge | 3198590.85 | 91000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ofMarma Rural Municipality, Latinath, Darchula , Phone: 9848235200, E-mail: rm.marma.darchula@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders should deposit the cost(as specified above) of bidding document in the bank account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Sunrise Bank Ltd.** **Name of Office: Marma Rural Municipality, Latinath, Darchula**
   **Office Code no. : 801077306** **Office Account no.: 0830552746703006**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 4th Magh, 2079 and bids will be opened on the same date at 1:00 PM. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

**ASSISTANT CHIEF ADMINISTRATIVE OFFICER**

मध्यान्ह
www.madhyanhadaily.com
४ पुस २०७९, सोमबार
19 December 2022, Monday

## सम्पादकीय

# संभावित दृष्य र दायित्व

राजनीतिक दलको वैधानिक मान्यता निर्वाचन आयोगले दिने भएपनि राजनीतिक मान्यता निर्वाचनबाट प्राप्त हुन्छ । निर्वाचनमा मतदाताले प्रकट गर्ने मतकै आधारमा दलहरूको हैसियत निर्धारण हुन्छ । प्राप्त मतकै आधारमा दलहरूले मुलुक नेतृत्वको अवसर पाउने हो । कतिपय मुलुकमा निर्वाचनको प्रणाली साँघुरो हुन सक्छ । तर लोकतान्त्रिक प्रणालीलाई स्वीकारेका मुलुकहरूमा दलको राजनीतिक मान्तयता मतदानबाटै प्राप्त हुन्छ । त्यही प्रणाली अनुसार, गत ४ मंसिरमा नेपालमा आमनिर्वाचन भएको छ । यो निर्वाचनबाट १२ दलले प्रत्यक्षतर्फ जितेका छन् । तर नेपालको संविधानमा राखिएको व्यवस्थाका कारणले सात दलले मात्रै राष्ट्रिय दलको मान्यता पाएको छ । यो चुनावबाट नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी र जनमत पार्टीले राष्ट्रिय दलको मान्यता पाएका छन् ।


समानुपातिकतर्फ तीन प्रतिशतको थ्रेसहोल्ड कटाएकाले यी दलहरूले राष्ट्रिय दलको मान्यता पाएका हुन् । नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले राष्ट्रिय दलको मान्यता पाउन सकेन । समानुपातिकतर्फ तीन प्रतिशतको थ्रेसहोल्ड कटाउन नसकेकाले राष्ट्रिय दल बन्न नसकेपनि प्रत्यक्षतर्फ भने यी दलका उम्मेद्वारले जितेका छन् । तसर्थ स्वतन्त्र हैसियतमा रहेपनि यी दलहरू जनताबाट अनुमोदित भए । प्राप्त सिट संख्याको बहुमत जुटाउने व्यक्ति अब देशका प्रधानमन्त्री हुनेछन् । संविधानले दलीय व्यवस्थाको कल्पना गरेकाले दलको नेता निर्वाचित हुने व्यक्ति नै प्रधानमन्त्री हुनेछन् । त्यसको अभ्यास समेत शुरू भइसकेको छ ।

कांग्रेस बाहेक लगभग सबै दलको नेता लगभग निश्चितजस्तै छ । किनकि पार्टी प्रमुख नै दलको नेता चयन हुने संभावना बढी छ । त्यसो गर्दा भावी प्रधानमन्त्री फेरि पनि पुरूष नै हुनेछन् । किनभने नागरिक उन्मुक्ति पार्टी बाहेक सबै दलका अध्यक्ष पुरूष छन् । नागरिक उन्मुक्ति पार्टीका संरक्षण रेसम चौधरी भएपनि अध्यक्ष रञ्जिता श्रेष्ठ छिन् । तर यो पार्टीले प्रधानमन्त्री पाउने संभावना न्यून छ । त्यसैले प्रधानमन्त्री महिला हुने कल्पना पनि टाढाको कुरा भयो । कम्तिमा अहिलेलाई बलियो मन्त्रालय र धेरै मन्त्री महिला हुन सक्नु ठूलो उपलब्धी हो । यस्तो संभावना पनि कमजोर छ । किनकि अहिले सरकार बनाउन जस्तो अभ्यास गरिदैछ, त्यो हेर्दा पार्टीहरूभित्र रहेको प्रभावशाली पुरूष नेता नै मन्त्री हुने अनुमान गर्न सकिन्छ । जबकी संविधानको भावना समावेशी सरकार हो, संसद हो । जसको पालना दलहरूको दायित्वभित्र पर्नुपर्ने हो । अतः अब बन्ने सरकारमा राजनीतिक नेतृत्वले यसतर्फ ध्यान दिन आवश्यक छ ।

# मनोमानीको शासन

*नेपाली समाजलाई दुषित गराउने र विखण्डन ल्याउनेमा वर्तमान ठूला र पुराना भनिएका राजनीतिक दल, दलका नेता र तीनैले हजारौंको संख्यामा पालेका झोले कार्यकर्ता र धर्मका कुत्सित मठाधिशहरू नै हुन् ।*

अग्रलेख



● रवीन्द्रनाथ पोखरेल

तपाईं आकस्मिक कामले कतै जानु पर्‍यो, यद्यपि तपाईंको निजी गाडी छैन, तपाईंसँग गाडी भएपनि गाडी चालकको सीप र अनुमतिपत्र छैन, गाडी चालक पनि साथमा छैन अथवा परिवारका अन्य सदस्यले चलाउँदैनन्, अब तपाईंलाई सार्वजनिक यातायातअन्तर्गत चल्ने गाडी चढेर जानुपर्ने अवस्था आयो । तर, सडकमा चलेका गाडीले तपाईंको मर्का बुझ्दैन । गाडी खाली पनि नहुन सक्छ । या खाली भएर पनि तपाईं नजिकै जाने मान्छे हो भनेर अनुमान लगाउला । अनि सोंच्ला गाडी रोक्नु र तपाईंलाई गाडी चढाउँदा अपेक्षित भाडा पाइँदैन । तपाईंको मर्का एकातिर गाडी वालाको संकीर्ण र संवेदनाहिन सोंच र दृष्टिकोण भएरपनि गाडी नरोक्न सक्छ । प्रायः व्यापारी तथा व्यवसायीको मन उदार भएको देखिन्न । जहिले पनि उसको मानसिकता पैसामा नै केन्द्रीत भएको पाइन्छ । उसलाई न ग्राहक मर्कामा पर्छ भन्ने चिन्ता छ न त मजदुर वर्ग समस्यामा भएको भन्ने चिन्ता । मान्नुस् तपाईं उसको ग्राहक हो, उसलाई पाल्ने अन्नदाता होइन । त्यसैले उसले तपाईंलाई हेपेर गाडी रोक्दैन । यो क्रम बारम्बार या अरु गाडीहरुले पनि गर्न सक्छ । अब तपाईंलाई ढिलो पनि भइसक्यो । हिंडेर पुग्न पनि सम्भव छैन भने अब तपाईं आत्तिन थाल्नु हुन्छ, स्वभाविक हो । यो सबैलाई पर्ने समस्या हो ।

अर्को गाउँ टोलमा कसैको गाडी छ, लिएर तपाईं उभिएको बाटोमा आयो, खालि पनि छ, तपाईं कतै जानुपर्ने भएर गाडी कुरेको थाहा पनि छ, उस्तै परे के काम हो त्यो पनि बुझेको छ । तर, त्यतिबेला यो त मेरो निजी गाडी या कार हो, उसलाई मैले किन सोध्नु र खोज्नु भन्ने संस्कार सबैमा व्याप्त छ । धनको घमण्ड उर्लिन्छ चिनेको नचिने झैं गरी वास्ता नगरी बाटो लाग्छ । अब तपाईंलाई यस्तै यस्तै हैरानीका कारण चित्त दुख्छ । नमजा लाग्न सक्छ । त्यतिबेला कहिलेकाही रिस उठ्न पनि सक्छ । रिस उठेर के गर्न नै सक्नुहुन्छ र ? मनमा नैराश्य पनि आउन सक्छ ।

अनेक खालका नकारात्मक कुराहरुले सताउन थाल्छ । तर, यी तपाईंका लागि सबै बेकारका कुरा हुनेछन् । भएन हाम्रो नेपाली समाज यस्तो कुलतमा र कुसंस्कारमा फँसिसकेको छ कि कसैको दुःख मर्कामा सहयोगी बन्न परै जाओस् उल्टै उपहास गरेर हाँसो मजाक गरेर हाँस्न रमाउन मन पराउँछन् । अहिले सबभन्दा बढी त चोक होटलमा बस्ने, बोल्ने, मजाक गर्ने मूर्ख जमातका लागि तपाईं उपहार सावित हुनु हुनेछ । ताली र टेबुल बजाई रमाउनेहरुका लागि तपाईं राम्रै ग्राहक र पात्र हुनुहुनेछ । अहिलेको गाउँ समाज संस्थाका ठेकेदार हौं भन्नेका लागि । त्यो जमातमा कसैले सोच्दैन कि तपाईंको मर्का जस्तो सिर्जना भयो, त्यस्तै भोलि या भविष्यमा मलाई पनि पर्न सक्छ भनेर ।

